# मैले कहिले परीक्षण गराउनुपर्छ ? बिरामी सदस्य

## ट्रान्स्क्रिप्ट

[[उत्साहजनक सङ्गीत]

[[वर्णन]

तपाईंले कहिले कोभिड-19 को परीक्षण गराउनु ?

तपाईंको घरमा कुनै व्यक्ति कोभिड-19 को बिरामी भएका छन् । उनीहरू घरमै बसिरहेका छन् (आइसोलेसनमा), तर तपाईं घरमा उनीहरूको वरिपरि हुनुहुन्छ ।

परीक्षण सम्बन्धी सिफारिस अनुसार घरमा कोभिड-19 सङ्क्रमितको निकट सम्पर्कमा आएपछि घरका सबै सदस्यहरूले परीक्षण गराउनुपर्छ ।

बिरामी भएका व्यक्ति कम्तीमा पाँच दिन घरमा र अरूबाट टाढा (आइसोलेसनमा) बस्नुपर्दछ, किनभने उनीहरूले यस बेला अरूलाई सङ्क्रमण गराउन सक्छन् । उनीहरूले घरमा अरूको वरपर हुँदा मास्क पनि लगाउनुपर्छ । यदि उनीहरूमा अझै लक्षणहरू देखिँदै छन् वा यदि उनीहरू मास्क लगाउन सक्दैनन् भने उनीहरू अझ लामो समयसम्म घरमा बस्नुपर्ने हुन सक्छ ।

यदि तपाईं कोभिड-19 सङ्क्रमित हुनुभयो भने कति समयसम्म घरमा बस्ने भन्ने बारेमा विस्तृत जानकारीका लागि हाम्रो 'यदि तपाईं बिरामी हुनु' वेबपेज (https://www.health.state.mn.us/diseases/coronavirus/sick.html) मा जानुहोस् ।

यदि तपाईं कोभिड-19 सङ्क्रमित कसैसँग बस्नुहुन्छ भने, बिरामी व्यक्तिले आइसोलेसनमा बस्नुपर्ने अवधि पूरा गरिसकेपछि तपाईंले क्वारेन्टाइनमा बस्नुपर्ने हुन सक्छ । अरू मानिसहरूको वरिपरि मास्क लगाउने र कति समयसम्म घरमै बस्ने भन्ने बारेमा थप जानकारीका लागि MDH को निकट सम्पर्कमा आउने व्यक्ति र क्वारेन्टाइन वेबपेज हेर्नुहोस्: (https://www.health.state.mn.us/diseases/coronavirus/close.html)

कसैलाई पनि सङ्क्रमण नहोस् भन्ने कुरा सुनिश्चित गर्न बिरामी व्यक्तिले आइसोलेसनमा बस्नुपर्ने अवधि पूरा गरेको पाँच दिनपछि घरका सबै सदस्यहरूले परीक्षण गराउनुपर्छ । यस अवस्थामा, तपाईंको परिवारको सदस्य आइसोलेसनमा बस्नुपर्ने अन्तिम दिन बिहीबार हो । घरका सबै सदस्यहरूले पाँच दिनपछि, अर्को मङ्गलबार परीक्षण गराउनुपर्छ ।

तपाईंले अरू कहिले-कहिले परीक्षण गराउनुपर्ने र कहाँ परीक्षण गराउने भन्ने बारे थप जानकारीका लागि, MDH को कोभिड-19 परीक्षण वेबपेजमा जानुहोस् । (https://www.health.state.mn.us/diseases/coronavirus/testsites/index.html)

[[उत्साहजनक सङ्गीत]

Minnesota Department of Health
Communications Office
PO Box 64975
St. Paul, MN 55164-0975
651-201-4989
health.communications@state.mn.us
www.health.state.mn.us

2/2/22 (Nepali)

*यो जानकारी भिन्न ढाँचामा प्राप्त गर्न, यस नम्बरमा कल गर्नुहोस्: 651-201-4989*